नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
**वैदेशिक रोजगार विभाग**
(G to G सहजीकरण शाखा)
ताहाचल, काठमाडौं

प.सं. ०८३/०८४
चलानी नम्बर

## करार सम्झौता गर्न आउने सम्बन्धी सूचना

प्रकाशित मिति २०८३/०४/१५ ने.सं.११४६ दिल्लागा द्वितीया

नेपाल सरकार र इजरायल सरकारका बीचमा सम्पन्न द्विपक्षीय समझदारी अनुरुप इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारको रुपमा काम गर्न जाने नेपाली कामदारहरू मध्ये देहायका **५ (पाँच)** जना उम्मेदवारहरूको सम्बन्धित रोजगारदाताबाट करार सम्झौता पत्रमा हस्ताक्षर भई यस विभागमा प्राप्त भएको छ। प्राप्त सम्झौता पत्रमा सम्बन्धित उम्मेदवारहरूबाट सम्झौता गराई PIBA, इजरायल पठाउन एवं भिसा प्रक्रियाका लागि इजरायली दूतावासको कन्सुलर डिभिजनमा समेत पठाउने प्रयोजनका लागि देहायका कागजातहरू उम्मेदवार स्वयंले लिई मिति **२०८३/०४/१८ गते सोमबार बिहान १०:०० बजे वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौंमा** उपस्थित हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरु:

१. म्याद बहाल रहेको प्रहरी चारित्रिक प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि - थान २

२. सक्कल राहदानी र सोको प्रतिलिपि - थान २

३. पासपोर्ट साइजको हालसालै खिचेको रंगीन फोटो (2x2 Inches with white background) - थान २

४. पुरानो मेडिकल रिपोर्टको प्रतिलिपि (Mantoux report सहित) र यस अघि स्वास्थ्य परिक्षण गरिएका स्वास्थ्य संस्थाहरुबाट पुनः स्वास्थ्य परीक्षण गराई "Repeat Testing of 5 Medical Examinations following Expiration" नामक मेडिकल रिपोर्टको प्रतिलिपि र देहाय बमोजिमका Test हरुको report को प्रतिलिपि - थान २

देहायः

1. Hepatitis
2. Syphilis
3. Gonorrhea
4. HIV
5. Tuberculosis

५. निवेदनका बखत पेश गरेको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको सक्कल सहित सोको प्रतिलिपि - थान २

६. Clear Bag - थान ३

.............................
शाखा अधिकृत

टेलिफोन नं: 01-4792616, 4792671, 4792648, 47927110, 4792658 फ्याक्स नं: 01-4792606
Email.: info@dofe.gov.np, israelsec@dofe.gov.np, website: www.dofe.gov.np

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभाग**

( जी टु जी सहजीकरण शाखा )

ताहाचल, काठमाडौं

**Name List of Auxiliary Workers (AW) for Standard Employment Contract (SEC)**

स्थानः वैदेशिक रोजगार विभाग, ताहाचल

मितिः २०८३/०४/१८, समयः विहान १०:०० बजे

| S.N. | RUN No | LAST NAME | FIRST NAME | GENDER | PASSPORT NO. | Email |
|---|---|---|---|---|---|---|
| 1 | 114004703 | D C | RAJAN | M | 11504036 | |
| 2 | 114004780 | KATHAYAT | PREM | M | PA0057868 | |
| 3 | 114005002 | RAI | NISHAN | M | PA2214193 | |
| 4 | 114004858 | THAPA | KUL BAHADUR | M | PA2994531 | |
| 5 | 114004988 | KUSHWAHA | RAMJEE PRASAD | M | 11668263 | |

द्रष्टव्यः उल्लिखित उम्मेदवारहरूको प्राप्त भएका करार सम्झौता पत्र, Self Declaration Form, Visa Application Form र Insurance Form सम्बन्धित व्यक्तिको ईमेल ठेगानामा पठाईएको छ। ती सबै फारमहरू Print गरी, राम्रो सँग अध्ययन गरी र सोही ईमेल ठेगानामा पठाईएको "फारम भर्ने तरिका" नामक file अनुसारले भरी र सोही ईमेलमा पठाईएको Bag Details नामक PDF file अनुसार सम्पुर्ण कागजात तयार गरी करार सम्झौता गर्न माथि उल्लिखित स्थान र समयमा उपस्थित हुनुहुन जानकारी गराइन्छ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाडौं
२०६५